नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः- २०७९/१२/१६

पत्र सं.:-२०७९/०८०
चलानी नं.:- ३८८

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा सर्वोच्च अदालतको च.नं. १६७७ मिति २०७९/१२/१२ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र र सो साथ प्राप्त निर्णय समेत आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

७९।१२।१६
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री सर्वोच्च अदालत, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गराइदिनुहन।

# सर्वोच्च अदालत
## (केन्द्रीय न्याय क्षेत्र समन्वय समिति)

पत्र संख्या:-२०७९/०८०
च.नं.:-१६७७

मितिः-२०७९।१२।१२

विषयः- निर्णय कार्यान्वन सम्वन्धमा ।

श्री कानुन तथा फैसला कार्यान्वयन महाशाखा, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,
सिंहदरवार, काठमाडौं ।

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री फैसला कार्यान्वयन निर्देशनालय, ववरमहल, काठमाडौं ।

श्री नेपाल वार एशोशिएसन, रामशाहपथ, काठमाडौं ।

श्री सर्वोच्च अदालत वार एशोशिएसन, रामशाहपथ, काठमाडौं ।

प्रस्तुत सन्दर्भमा, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११७ को व्यवस्थानुसार केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको अध्यक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगानाज्यूको अध्यक्षता तथा सम्माननीय कायम मुकायम प्रधान न्यायाधीशज्यूको प्रमुख आतिथ्यतामा मिति २०७९।११।१९ गते वसेको बैठकवाट भएको निर्णय प्रति (पाना तीन) यसै साथ संलग्न राखि तहाँसंग सम्वन्धित निर्णयहरु कार्यान्वयनको लागि पठाईएको वेहोरा अनुरोध गर्दछु ।

बाबुराम दाहाल
सहरजिष्ट्रार/सदस्य- सचिव

प्रस्तावहरु

१. समितिको काम कारवाहीमा प्रभावकारिता सम्वन्धमा,
२. म्याद तामेलीमा सरोकारवाला बीचको समन्वय सम्वन्धमा,
३. कसुरजन्य सम्पत्तिको व्यवस्थापनमा सरोकारवाला निकायहरुको भूमिका सम्वन्धमा,
४. सम्पत्ति जफत लगायत फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि सम्वन्धमा,
५. सार्वजनिक सरोकारका विवादमा भएका आदेशको कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि सम्वन्धमा,
६. न्यायिक काम कारवाहीलाई प्रभावकारी वनाउन सरोकारवाला निकायको आवश्यक सहयोग र समन्वय सम्वन्धमा,
७. विविध ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय

१. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको काम कारवाहीलाई प्रभावकारी वनाउन ३ महिनामा कम्तीमा एक पटक समितीको बैठक वस्ने व्यवस्था मिलाउने । समितिवाट भएका निर्णयहरु प्रभावकारी कार्यान्वियन गर्ने तथा समितिको अघिल्ला बैठकहरुवाट भएका निर्णयहरुको निरन्तररुपमा मुल्याङ्कन र अनुगमन गर्ने ।

२. अदालतवाट जारी भएको जुनसुकै वेहोराको म्याद सूचना प्रचलित संहिता तथा अदालतसंग सम्वन्धित नियमावलीले तोकेको समयावधि भित्र रितपुर्वक तामेल गर्न गराउन सहयोग गर्नु सबैको कर्तव्य रहेको र आजको बैठकमा प्रस्तुत भएको म्याद तामेलीको बिवरण हेर्दा बेपत्ते म्यादको सख्या अधिक रहेको देखिदा,म्याद छिटो छरितो एंव रितपुर्वक तामेल भएमा शिघ्र न्याय प्राप्ती र न्यायमा सहज पहूँच अभिवृद्धि गर्न अपेक्षित सहयोग पुग्ने हुँदा शिघ्र रित पुर्वक म्याद तामेल गर्न गराउन स्थानीय निकाय, स्थानीय प्रशासन, स्थानीय प्रहरी प्रशासन लागायतका सरोकारवाला निकायहरुलाई तदारुकताकासाथ समन्वय र सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल वार एशोशिएसन, सर्वोच्च अदालत वार एशोशिएसनलाई पत्राचार गर्ने ।

३. मिति २०७८।०६।५ मा कसुर जन्य सम्पति तथा साधन (रोक्का,नियन्त्रण र जफत) ऐन,२०७० र ऐ. नियमावली २०७७ बमोजिम कसुरजन्य सम्पति व्यवस्थापन विभागको गठन भई उपत्यकाको हकमा विभागले नै कार्यान्वयन गर्ने गरी र बाँकी ७४ जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन भई कार्यरत रहेको देखिदा अब उप्रान्त पूर्व तयारीको लागी १ महिनाको समय प्रदान गरी मिति २०८० सालं वैशाख १ गते देखि उक्त

ऐन तथा नियमले निर्दिष्ट गरे बमोजिमका प्रावधानहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन (अदालत, नेपाल प्रहरी, सरकारी वकिल र कसुरजन्य सम्पति व्यवस्थापन विभाग ले) आ-आफ्नो मातहतका निकायहरुमा आवश्यक निर्देशन दिई समन्वयात्मक ढंगले कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने ।

४. मुद्दा अन्तिम भई अदालतको फैसला वा आदेश बमोजिम असुल उपर गर्नु पर्ने कैद, दण्ड जरिवाना असुल उपर गर्ने कार्यलाई तदारुकताका साथ अगाडी बढाउन सम्बन्धित सरोकारवाला निकायहरु विशेषतः नेपाल प्रहरी र स्थानीय प्रशासन, स्थानीय निकायसँग समन्वय गरी आवश्यक सहयोग लिई यस आर्थिक वर्षको असाढ मसान्तसम्म परिणाम देखिने गरी फैसला कार्यान्वयनलाई प्रभावकारी रुपमा अगाडी बढाउन फैसला कार्यान्वयन निर्देशनालयलाई निर्देशन दिने ।

५. रिट क्षेत्राधिकार अन्तर्गत फैसला/आदेश भएका सार्वजनिक सरोकार लगायतका फैसला/आदेशको कार्यान्वयनमा थप प्रभावकारीता बृद्धि गर्न सर्वोच्च अदालत नियमावली २०७४ को नियम १३० (ङ) बमोजिम सर्वोच्च अदालतमा पेश गरीएको प्रतिवेदन प्रणालीलाई निरन्तरता दिँदै यस सम्बन्धमा सरोकारवाला निकाय मन्त्रालय/विभाग/कार्यालयलाई ध्यानाकर्षण गराउन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कानुन तथा फैसला कार्यान्वयन महाशाखालाई नेपालको संविधानको धारा १२६ र धारा १२८ समेतका आधारमा लेखी पठाउने ।

६. फैसलाको कार्यान्वयन समयमा भएमा न्यायका उपभोक्ताले वास्तविक रुपमा न्यायको अनुभुत गर्ने हुँदा नेपालको संविधानको धारा १२६ मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको पालना सबैले गर्नुपर्नेछ भनी उल्लेख भएको संवैधानिक प्रत्याभूतीलाई सम्बद्ध सबैले मनन गरी अदालतबाट भएका मिलापत्र, आदेश वा फैसला शीघ्र कार्यान्वयन गर्न र कार्यान्वयनमा कुनै अडचन परेमा यस समितिमा छलफलका लागि प्रस्तुत गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा लेखी पठाउने । साथै, अदालतले मागेको मिसिल लगायतका प्रमाण कागजात यथासमयमा पठाउन मातहत मालपोत/भूमि सुधार कार्यालय, गुठी संस्थान, नापी विभाग/कार्यालयमा परिपत्र गर्न अनुरोध गरी उक्त मन्त्रालयलाई लेखी पठाउने ।

७. कैद जरिवाना असुली कार्यलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा प्रवाह गर्ने निकाय, नेपाल विद्युत प्राधिकरण, मालपोत कार्यालय, खानेपानी संस्थान, जिल्ला प्रशासन कार्यालयहरु स्थानीय निकाय लगायतका निकायबाट अदालतबाट कैद जरिवाना लागेको लगत फैसला कार्यान्वनयन निर्देशनालयबाट लिई त्यस्ता व्यक्तिहरुको कैद जरिवाना असुल उपर भए नभएको अनिवार्यरुपमा हेर्ने/भिडाउने व्यवस्था मिलाई एकिन गर्दा नभएको पाइएमा त्यस्ता व्यक्तिलाई राज्यको तर्फबाट प्रदानहुने सार्वजनिक सेवा प्रवाह रोक्ने जिल्ला अदालत नियमावली, २०७५ को

नियम ८७ बमोजिमको व्यवस्थालाई प्रभावकारीताका साथ परिणाममुखी कार्यान्वयनमा सहयोग गर्न सम्बन्धित सबै निकायमा परिपत्र गरीदिन अनुरोध गरी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा फैसला कार्यान्वयन महाशाखामा लेखी पठाउने । साथै, फैसला कार्यान्वयन निर्देशनालयले लगत अभिलेख अद्यावधिक गरी उक्त महाशाखामा पठाउने व्यवस्था मिलाउने ।

८. फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन निम्न बमोजिम गर्ने:

(क) ७७ वटा जिल्ला अदालतहरु मध्ये हाल व्यारेक भएका ५२ ओटा जिल्ला अदालतहरुमा फैसला कार्यान्वयन सम्बन्धी अभियान संचालन गर्न थप न्यायिक प्रहरी आवश्यकता रहेको हुँदा अदालतको दरबन्दी अनुरुप रिक्त रहेको पद पूर्ती गरीदिन प्रहरी प्रधान कार्यालय लाई अनुरोध गर्ने।

(ख) काठमाडौं जिल्ला अदालतमा मात्रै ८ अरब भन्दा बढी जरिवाना असुल गर्न बाँकी रहेको देखिदा अदालतको न्यायिक प्रहरीले अदालत, नेपाल प्रहरी र CIB सँग थप लगत तथा सूचना आदान प्रदान गर्नको लागि समन्वय र सहयोग कायम गर्न निर्देशन दिने ।

(ग) विदेशमा रहेका फरार कसुरदारलाई पकाउ गरी कानूनको दायरामा ल्याउने काम गर्न प्रचलित पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० (Mutual Legal Assistance Act) र सुपुर्दगी ऐन, २०७० लाई प्रभाबकारी कार्यान्वयन गर्न आ-आफ्नो तर्फबाट पहलकदमी गर्न MLA तर्फको केन्द्रिय निकायको रुपमा रहेको कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र Extradition तर्फको केन्द्रिय निकायको रुपमा रहेको गृह मन्त्रालयलाई आबश्यक समन्वयको लागि अनुरोध गर्ने ।

(घ) ७७जिल्ला अदालतहरुमध्ये काठमाण्डौं,पर्सा,काभ्रेपलान्चोक,सिन्धुपाल्चोक,ललितपुर रुपन्देही, सुनसरी,झापा,कास्की,गोरखा,मकवानपुर,सर्लाही,उदयपुर,रामेछाप,बारा, दोलखा र चितवन समेत १७ जिल्ला अदालतहरुमा बढी कैद दण्ड जरिवाना र सरकारी बिगो रकम असुल गर्न बाँकी रहेको देखिदा ,उक्त १७ वटा जिल्ला अदालतहरुको फरार कसुरदारहरुको सूचना CIB लाई प्रदान गर्ने गरी (अदालत, नेपाल प्रहरी, सरकारी बकिल बिच) संयुक्त संयन्त्र बनाउन थप गृहकार्य गर्ने ।